सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १५२ | वि.सं. २०७९ पुस १७ गते आइतबार | 01, 2023 Sunday, JAC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## बिन्दबासिनी गाउँपालिका वडा न १ मा १५० जनालाई कम्बल वितरण।

कृष्णा कुशवाहा

वीरगन्ज । पर्साको बिन्दबासिनी गाउँपालिका वडा न १ गर्दौल र हरिनगरमा शनिवार कम्बल वितरण गरिएको छ ।



बिगत केहि दिन मधेशमा चिसो बढेकोले जनजीवन प्राभावित हुन् थाले पछि पर्साको बिन्दबासिनी गाउँपालिकाको वडा न १ को वडा स्तरी बजेट बाट १५० जना एकल महिला,एकल पुरुष , अपाङ्ग , अति विपन्न र बृद्ध वृद्धालाई कम्बल वितरण गरिएको छ ।

कम्बल वितरण कार्यक्रमलाई सम्बोधन गर्दै कार्यक्रमको प्रमुख अतिथि समेत रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजु साहले सामाजिक उतरदायित्व र चिसो बढे संगै बृद्ध वृद्धाहरुलाई पर्ने समस्यालाई समाधान गर्नु निमित एउटा बैकल्पिक उपाय निकालेर वडाको बजेट बाट र गाउँपालिकाको बजेटबाट यस्ता कार्यक्रम गर्दै आएको र आगामी दिनमा पनि यस्ता कार्यक्रम गर्दै जाने बताए ।

वडा अध्यक्ष अछेलाल महतोले बिकाश निर्माणमा आफुले वडा र पालिकासंग सहकार्य गरेर पालिकाको सिफारिसमा प्रदेश र संघीय बाट बजेट ल्याएर बिकाश निर्माणको कामलाई तिब्रता दिने र पछि जनता माझ आउँ नमान्ने नेताहरुको प्रवृतिको गुनासो बढिरहेको बेला आफु जनताको घर

## हेरिटेज +२ पब्लिक कलेजको स्वागत कार्यक्रम भब्य रूपले सम्पन्न ।




वीरगन्ज। हेरिटेज +२ पब्लिक कलेजले आयोजना गरेको स्वागत कार्यक्रम भब्य रुपले सम्पन्न भएको छ।

तेजारथ टोल स्तिथ रहेको साह दरबार होटलमा आयोजना गरिएको स्वागत सभ्य र भव्य रूपले सम्पन्न भएको विद्यालयले जनाएको छ । कार्यक्रमका अध्यक्ष एवं कलेजका प्रधानाध्यापक मङकेश्वर प्रसाद यादवको अध्यक्षता भएको कार्यक्रममा प्रमुख अतिथि परवानीपुर गाउँपालिकाको पूर्व मेयर हरी नारायण शाह , विशिष्ट अतिथि परवानीपुर गा पा का शिक्षा अधिकृत रवीन्द्र मिश्र, अतिथिमा कलेजका उपप्रधनाध्यापक मुकेश श्रीवास्तव ,शिक्षक विन्देश्वरी मण्डल, अजीत साह, रामपुकार , रामाधार , अछेलालहरुको विशेष उपस्थितिमा पानस बालेर उद्घाटन गरिएको हो ।

नेपाली आमा लाई सम्भिmदै देशको राष्ट्रिय गीत गाएर सो कार्यक्रमलाई अगाडि बढाइएको थियो ।

नृत्य संगीत,गीत, शायरी , नाटक जस्ता विशेष प्रस्तुतीको साथ

*बाँकी तेश्रो पृष्ठमा*

## पत्रकार महासंघको बैठक सम्पन्न ,पौष २१ देखि माघ १५ गते सम्म नयाँ सदस्यताको आवेदन दिने सकिने



वीरगन्ज ,१६ पौष

नेपाल पत्रकार महासंघ पर्सा शाखाको नियमित बैठक आज सम्पन्न भएको छ। शाखाका अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा बसेको बैठकले विभिन्न निर्णय गरेको छ ।

नेपाल पत्रकार महासंघ पर्सा शाखाको सभाहलमा बसेको बैठकले पर्सा शाखाको सदस्यता नविकरण गर्ने र नयाँ सदस्यता वितरण गर्ने आवेदन आहवान गरेको छ ।

अगामी पौष २१ गतेदेखि २८ गतेसम्म पर्सा शाखा साधारण सदस्यले आफ्नो सदस्यता नविकरण गराउन निर्णय भएको उपाध्यक्ष युवराज खड्काले जानकारी दिए ।

उनका अनुसार साधारण सदस्यले नेपाल पत्रकार महासंघ पर्सा शाखा सभाहलमा बिहान १० बजे देखि ५ बजे सम्म सदस्यता दस्तुर तिरेर नविकरण गराउनु पर्नेछ ।

यस्तै पौष २१ गते देखि नयाँ सदस्यताका लागि आवेदन आहवान भएको छ । नयाँ सदस्यताका लागि

*बाँकी तेश्रो पृष्ठमा*

## मधेश प्रदेश : माछा मार्ने क्रममा करेन्ट लागेर एक युवकको मृत्यु

रौतहट, पुस १६ गते ।

रौतहटमा विद्युतीयरु तारको प्रयोग गरि माछा मार्ने क्रममा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ ।

गरुडा नगरपालिका ७ पिपरिया दोस्तियाका ३० वर्षीय रामतिलक पटेलको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएका छन् ।

शुक्रबार साँझ गाउँ छेउको तरहारी खोलामा विद्युतीयरु तार प्रयोग गरि माछामार्ने क्रममा पटेललाई करेन्ट लागेर अचेल हुँदा उपचारको लागि गरुडा अस्पताल पुर्याएकोमा चिकित्सकले मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी बरुणकुमार सिंहले बताए ।

मृतक पटेलको शव पोस्टमार्टमको लागि जिल्ला अस्पताल गौर पठाइएको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ।

## कट्टी मठकै जग्गामा मधेश विश्वविद्यालयको शाखा राख्न युवाहरु जागरुक ।

वीरगन्ज । पर्साको पकाहा मैनपुर गाउापालिका वडा नं २ स्थित रहेको श्री राम जानकी मन्दिरको जग्गामा मधेश विश्वविद्यालयको एउटा शाखा राख्न युवाहरु जागरुक भएका छन् ।



पत्रकार बिन्दूबुषण साहको अगुवाइ र कृष्णा कुशवाहा लगायत पाकहा मैनपुर र कालिकामाई गाउापालिकाका शिक्षा प्रेमी , समाजसेवी लगायत युवाहरुको सहभागिता भएको भेला कट्टी मठकै जग्गामा मधेश विश्वविद्यालयको एउटा शाखा राख्न युवाहरु लागी परेका छन् ।

मधेश विश्वविद्यालयको एउटा शाखा राख्न २५ देखि ३० बिगाहा क्षेत्रफल रहेको जग्गा किन्नु भन्दा श्री राम जानकी मन्दिरको नाम रहेको २५ बिगाहामा मधेस विश्वविद्यालय बनाउन उपयुक्त भएको भन्दै युवाहरु जागरुक भएका छन् ।

पकहामैनपुर र कालिकामाई गाउापालिका युवाहरुले मधेस विश्ववद्यालयको एउटा शाखा राख्न कट्टी मठकै जग्गा राम्रो भएको भन्दै यस क्षेत्रका सांसद राजकुमार गुप्ता प्रदेश सभा सदस्य जनार्दन सिंह क्षेत्री र मधेश विश्ववद्यालयका उपकुलपति डा दीपक शाक्यसाग भेट गरी विश्व विद्यालयको एउटा शाखा राख्ने विषयमा उहााहरूले आवश्यक पहल गर्ने चाहिने बेला हामी आफै उपस्थित हुने युवाहरुले बताएका छन् ।

पकहा मैनपुर गाउापालिका वडा नं २ मा पर्ने गुठी संस्थान अन्तरगत करिब ३० बिगाहा जग्गा रहेको छ ।

विगतका दिनमा गाविस हुादा पनि वीरगन्ज विश्व विद्यालयको लागि पनि सो जग्गामा विश्व विद्यालय बनाउनु पर्ने आवाज उठेको थियो ।



# ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस


## विश्वविद्यालयमा प्राज्ञिक अन्तरप्रजनन

**उत्तमबाबु श्रेष्ठ**

सन् २०११ मा नेचर जर्नलमा एउटा लेख छापियो, जसमा अमेरिकाको रट्गज विश्वविद्यालयका अनुसन्धानकर्ताहरूले दक्षिणी केन्याको रिफ्ट भ्याली क्षेत्रको तर्कना ताल किनारको पुरातात्त्विक क्षेत्रमा 'ढुंगे औजार फेला पारेको' रिपोर्ट थियो। करिब २० सेमि लम्बाइ, सिरानमा चुच्चो र फेदमा गोलाकार, धारिलो र बांगोटिंगो किनारा भएको उक्त ढुंगा चानचुने थिएन।

मानव पुर्खा होमो इरेक्ट्सले प्रयोग गरेको ठानिएको १७ लाख वर्ष पुरानो उक्त 'ढुंगे बन्चरो' हालसम्म फेला पारिएकोमध्येकै सबैभन्दा पुरानो ढुंगे युगको हतियार थियो।

उक्त ढुंगे बन्चरो नेपाली खुकुरीजस्तै मासुलाई टुर्क्याउन, रूखका हाँगाबिँगा छिमल्न र जनावरलाई मार्न उपयोगी हुन्थ्यो। मानव पुर्खाहरूले त्यस्तै ढुंगे हतियार प्रयोग गरेर आफूभन्दा शक्तिशाली घोडा, गैंडाजस्ता जनावर मात्रै होइन, आफैंलाई सिध्याउन सक्ने बाघ, भालुको सिकार गरेर बाँचे र पृथ्वीभर फैलिए।

अफ्रिका महादेशका केन्या, इथियोपिया, दक्षिण अफ्रिकाका थुप्रै पुरातात्त्विक क्षेत्रहरूमा विभिन्न समयमा भेटिएका आदिम ढुंगे हतियारहरूका प्रमाणले भन्छन्– मानव पुर्खाहरू आफ्नो उत्पत्तिको लाखौं वर्षसम्म पनि एकै खाले प्रविधिको प्रयोग गरेर बाँचे। उनीहरूले प्रयोग गर्ने आदिम प्रविधिमा लामो कालखण्डसम्म पनि कुनै सुधार भएन।

लेखक म्याट रिड्लेले आफ्नो पुस्तक 'र्‍यासनल अप्टिमिस्ट हाउ प्रस्परिटी इभोल्भ' मा मानव पुर्खाको शारीरिक परिवर्तनभन्दा पनि सुस्त गतिमा परिवर्तित त्यस्ता ढुंगे प्रविधिलाई छिनछिनमै परिवर्तन भइरहने अत्याधुनिक प्रविधिसँग दाँजेका छन्।

उनको तर्क छ– आदिम मानवले प्रयोग गर्ने ढुंगे बन्चरो र आधुनिक मानिसले चलाउने कम्प्युटरको माउस आकारमा उस्तै एक हातले चलाउने मानवनिर्मित प्रविधिहरू नै हुन् तर ढुंगे युगको प्रविधि एकल मस्तिष्कको उपज थियो भने कम्प्युटरको माउस असंख्य मस्तिष्कबीचको मैथुनको नतिजा।

विचारहरूको मैथुन

संसारमा यतिखेर मानव जनसंख्याले ८ अर्ब नाघेको छ। तर १ लाख वर्षअघि मात्रै पनि पृथ्वीमा मानव प्रजातिको जनसंख्या केही हजारमा सीमित थियो। तिनीहरू मुस्किलले २० वर्षदेखि ३५ वर्षसम्म बाँच्थे र अफ्रिकाभित्रै सीमित थिए। अहिले पृथ्वीमा मान्छेको जनसंख्या मात्रै होइन, मान्छेले उपयोगी ठानेको घरपालुवा जनावरको संख्या पनि उल्लेख्य बढेको छ। हाल संसारभरका स्तनधारी जीवहरूको कुल जनसंख्याको ३४ प्रतिशत हिस्सा मानिसले, ६२ प्रतिशत मानिसले पालेका गाईबस्तुले र बाँकी ४ प्रतिशत मात्रै जंगली जनावरले ओगटेका छन्।

मानिसले पृथ्वीका बस्न मिल्ने-नमिल्ने सबै ठाउँ ओगटेको मात्रै होइन, पृथ्वीमा करोडौं वर्षदेखि चलिआएको आनुवंशिक, जैविक र रासायनिक प्रक्रियालाई पनि हेरफेर गरिदिएको छ।

हुन त पृथ्वीमा मानव प्रजातिको यस्तो एकल दबदबा थुप्रै स्तनधारीसहित अन्य जनावरको सामूहिक विनाश र ठूलो वातावरणीय मूल्य चुकाएर भएको हो तर पनि उत्पत्तिको हिसाब (आफू बाँच्ने र आफ्नो अनुवंश सन्तानमा सार्ने) ले हेर्ने हो भने मानव पृथ्वीको अहिलेसम्मकै सबैभन्दा सफल प्रजाति हो।

मानिसभन्दा ठूलो मस्तिष्क भएका, औजार पनि प्रयोग गर्ने, बढी सामाजिक र बलिया जनावरहरू यस पृथ्वीमा आए अनि बिलाए र कतिपय अहिले पनि अस्तित्वमा छन्। तर मानव प्रजातिको जस्तो फैलावट, सुखसयल र समृद्धि अन्य कुनैले पनि हासिल गर्न सकेनन्।

मानव प्रजातिले हासिल गरेको यस्तो चामत्कारिक सफलताको पछाडि मानिसले गरेका अभिनवहरू (इनोभेसन्स) को ठूलो देन छ। र, मानिसले गरेका ती अभिनवहरूका पछाडि मानिस-मानिसबीच हुने विचार र प्रयासहरूको मैथुनको हात छ।

म्याट रिड्लेको तर्क छ– जसरी जैविक संसारमा मैथुन हुँदा फरकफरक व्यक्तिबाट भिन्न प्रकारका अनुवंशहरू (जिन) आउँछन् र तिनीहरूको मिलनले पैदा गर्ने नयाँ पुस्ता पुरानोभन्दा उन्नत र अनुकूली हुन्छन्, त्यसरी नै भिन्न विचारहरूबीच मैथुन हुँदा त्यसबाट उत्पादित नयाँ विचार पुरानोभन्दा थप परिष्कृत बन्दै जान्छ।

थप, जसरी कम्प्युटर हार्डवेयर र सफ्टवेयरको जोडले, इन्टरनेट र स्मार्टफोनबीचको मिलनले अनि छापाखाना र कागजबीचको संयोजनबाट यी वस्तुहरूको एकल योगदानको योगभन्दा बढी समग्र प्रतिफल प्राप्त हुन्छ, त्यसरी नै मानव सृजनशीलतालाई अकल्पनीय उचाइमा लग्न भिन्न विचारहरूबीचको मैथुन जरुरी छ।

त्यसकारण मानव प्रजातिले हासिल गरेका तमाम प्रगतिका पछाडि यो प्रजातिका व्यक्तिहरूबीच हुने वैचारिक मैथुन प्रमुख कारक हो। रिड्लेपछि 'स्यापियन्स' का लेखक

*बाँकी तेश्रो पृष्ठमा*

## गगनको सकस

**सञ्जय शर्मा**

गगन थापाले काङ्ग्रेस संसदीय दलको नेतामा उम्मेदवारी दिएको दिन थुप्रै सकारात्मक लेख पत्रपत्रिकामा आए। सामाजिक सञ्जालमा समेत धेरैले उनको उम्मेदवारीले बोकेका सम्भावनाहरूको चर्चा गरे।

गैरकाङ्ग्रेसीले समेत काङ्ग्रेसभित्रको लोकतन्त्रको गुणगान गाए। रुकतिले उनी संसदीय दलको नेता चुनिए उनी भावी प्रधानमन्त्री बन्ने र देशले 'कायापलट गर्ने' आशा व्यक्त गरे।

तर भोलिपल्ट गगनले संसदीय दलको चुनाव हारे। काङ्ग्रेसका सांसदले देउवालाई जिताए। आफूले सोचेको भन्दा पनि कम मत गगनले पाए। यसपछि थुप्रैको आशा निमिट्यान्न भयो। सामाजिक सञ्जालमा परिवर्तन चाहनेहरूले निराश हुँदै 'देशको केही हुन नसक्ने' दिक्दारी प्रस्तुत गरे। नेपाली काङ्ग्रेसको विरोध गरे।

अब बन्ने सरकारमा पनि उही थोत्रा, पुराना, खिया परेका नेताहरू मन्त्री हुनेछन् भन्ने प्रस्ट भइसक्यो। जनताले चाहेको परिवर्तन यो चुनावी अंकगणितले व्यवहारमा लागू गराउन सकेन।

तर अबका पाँच वर्षमा गगन वा उनीजस्ता मानिसहरूले के-कस्ता उथलपुथल ल्याएर जनताको परिवर्तनको चाहनालाई पूरा गर्न सक्छन्? यो लेखमा नेपाली समाज र नेपाली राजनीति अड्चनका केही पाटाको विश्लेषण र गगनको राजनीतिक सकसबारे चर्चा गरिनेछ।

गगनको मोडल

२०७६ सालमा म सिंगापुरमा पढ्दै गर्दा सिंगापुर नेपाली समाजको मेसेज फेसबुकमा आयो। गगन सिंगापुर आएका रहेछन्। स्थानीय नेपालीहरूसँग भलाकुसारी गर्न एउटा शनिबारको दिन तोकियो।

मलाई यति धेरै नाम सुनेका तर कहिल्यै नभेटेका गगनको दिमागमा के चल्दो रहेछ बुझ्ने मन थियो। निश्चित दिन म बेलैमा कार्यक्रमस्थल पुगें। कोठा सानो तर कोचाकोच थियो। गगन निर्धारित समयभन्दा ढिलो आइपुगे र कार्यक्रम अर्ध-औपचारिक रूपमा सुरु भयो।

गगनलाई सहभागीहरूको मुख्य प्रश्न थियो, 'तपाईं कहिले प्रधानमन्त्री बन्ने?' यो प्रश्न केवल उनको राजनीतिक चढाइका लागि थिएन, देशको आर्थिक विकाससँग जोडिएको थियो।

यो प्रश्न पक्कै पनि गगनलाई थुप्रैले धेरैपल्ट सोधिसकेका थिए र रेडिमेड उत्तर उनीसँग थियो। तर पनि उनको अनुहारमा एउटा रिक्तता देखिन्थ्यो।

सहभागीहरूले अन्य प्रश्न पनि गर्दै जाँदा गगनको अनुहारमा देखिएको रिक्तता कायम थियो।

जब प्रश्नकर्ताहरूको पालो सकियो, गगनले मैले नसोचेको उत्तर दिए। देशमा एक जनाले मात्रै परिवर्तन ल्याउन नसक्ने भएकाले देशको 'सिस्टम' (पद्धति) र 'इन्स्टिट्युसन' (संस्था) बलियो र सुदृढ बनाउनुपर्ने उनको तर्क थियो।

(हुन त यो 'ह्वाई नेसन्स फेल' किताबमा डारेन एसिमोग्लु र जेम्स रोबिन्सनले विश्लेषण गरेकै तथ्य हो, जुन विवादास्पद पनि छ।) डेलिभरीमा केन्द्रित रहनुपर्नेमा उनको जोड थियो।

एक जनाले परिवर्तन ल्याउन सक्छ कि सक्दैन भन्ने विषय विवादित नै छ तर यो 'सेभियर मेन्ट्यालिटी' (कसैले उद्धार गरिदेला भन्ने मानसिकता) रहेको उनको विश्लेषण थियो।

राणाकाल र पञ्चायत व्यवस्थामा त आउन नसकेको परिवर्तन हालको शक्ति पृथकीकरणको युगमा - त्यसमाथि भ्रष्टाचारले आक्रान्त हाम्रोजस्तो देशमा - एक जनाले ल्याउन खोज्नु निश्चय पनि धेरै मुस्किल काम हो। तर उसले आशा भने पक्कै दिलाउन सक्छ। 'सेभियर मेन्ट्यालिटी' बाट नेपालीहरू मात्र होइन, थुप्रै देशका मानिसहरू ग्रस्त छन्। डोनाल्ड ट्रम्प र उनको देशलाई नै हेरौं।

साक्षात्कारकै क्रममा गगनले आफूले एउटा यस्तो टिम बनाउन लागेको बताए जसले एक जनाको बलमा होइन मिलेर काम गरी 'देशलाई कोल्टे फेराउनेछ'। काङ्ग्रेस संसदीय दलको भर्खरैको निर्वाचनले गगनले भनेको सिस्टम र इन्स्टिट्युसनको मात्र समस्या देखाउँदैन, आम नेपालीको मानसिकता र तिनले चुनेर पठाएका सांसदहरूका दिमागमा भरिएको लम्पसारवाद र यथास्थितिवादलाई पनि झल्काउँछ।

विद्रोह गर्न आँट चाहिन्छ तर यथास्थितिमै रहन धेरै सजिलो छ। गगनका सामुन्ने देउवाको शक्ति यति धेरै हावी भयो, सांसदहरूलाई देउवाले साम, दाम, दण्ड, भेदको नीति अनुरूप तुरुन्तै आफ्नो पक्षमा पारे।

देउवाले देखाएको लोभ (मन्त्री पद) वा सांसद बनाउन गरेको कृपाका कारण मात्र थुप्रै काङ्ग्रेस सांसदले गगनलाई भोट हालेनन्।

गगनलाई प्रश्नैप्रश्न

निश्चय पनि गगनको टिम राम्रो र बलियो बन्दै गएको छ। उनको 'कोर टिम' पनि बलियो छ। पढेलेखेका मानिसहरूले उनलाई नीतिगत सल्लाह दिन्छन्। उनी कार्यक्रममा बोल्नुअघि गृहकार्य गर्छन्।

एउटा कुशल राजनीतिज्ञमा हुनुपर्ने थुप्रै गुण उनमा छन्। यति गुणहरूका बावजुद के उनले काङ्ग्रेस सांसद र नेपालका आम मतदाताको यथास्थितिवादलाई चिरेर नेतृत्व दिन सक्छन्?

नेपालजस्तो सिस्टम र इन्स्टिट्युसन अत्यन्तै कमजोर भएको देशमा उनलाई प्रधानमन्त्री भएर परिवर्तन ल्याउन कति सजिलो/गाह्रो छ? एउटा नेताले समाजमा कस्तो परिवर्तन ल्याएर जनतालाई नेतृत्व दिन सक्छ र उनले समाज बदल्न कस्तो टिम गठन गर्न सक्छन्?

पुरातनवादीहरूले भरिएको पार्टीमै बसेर उनले सोचेको जस्तो परिवर्तन ल्याउन सकिन्छ वा बालेन शाह र रवि लामिछानेले जस्तै उनी पनि स्वतन्त्र उठेर वा नयाँ पार्टी खोलेर यो परिवर्तनको पक्षमा उभिन सक्छन्?

के उनी पनि (केही हदसम्म) यथास्थितिवादी हुन् जसका कारण उनी पार्टी र देशमा उथलपुथल ल्याउने गरी विद्रोह गरेर नयाँ पार्टी गठन गरी परिवर्तनका तरंगहरू ल्याउन डराइरहेका छन्? के हामीले उनीबाट आशा गरेको परिवर्तन संसदीय दलको चुनावमा आएर टुंगिन्छ वा टुंगिन पाउँछ?

मुख्यतया पुरुष नवउदारवादीहरूको वरपर बस्ने गगनले थुप्रै, आफूले उत्तर नदिएका र दिन नसकेका, प्रश्नहरूको उत्तर दिनुपर्छ।

समावेशीता, पछाडि पारिएका समुदायहरूका लागि राज्यद्वारा उपयुक्त व्यवस्था, संघीयताको सुदृढीकरण, सामाजिक सुरक्षा, सुकुम्बासी लगायतका लागि बसोबास र भूमिसुधारका थुप्रै प्रश्नको प्रस्ट उत्तर गगनले दिन सक्नुपर्छ। देशमा व्याप्त भ्रष्टाचार (आर्थिक, नीतिगत र नैतिक), कुशासन, दण्डहीनता र अन्य सामाजिक मुद्दाबारे गगनको लाइन प्रस्ट हुनुपर्छ।

देशको आर्थिक अवस्थामा सुधार, देशभित्रै दक्ष जनशक्ति उत्पादन र रोजगारीको व्यवस्था, विदेशमा बस्ने नेपालीलाई मतदानको अधिकार लगायतका थुप्रै नीतिगत र कार्यान्वयनका पाटाहरूमा गगनले आफू र आफ्नो टिमलाई परिचालन गर्न अब ढिलो गर्न हुँदैन।

साथै, आफ्नो टिममा कस्ता पृष्ठभूमिका मानिस छन् र तिनीहरू जनताप्रति कत्तिको जवाफदेह छन् भन्ने ख्याल उनले गर्नुपर्छ।

अबका पाँच वर्षमा उनले र उनको टिमले पार्टीभित्र मात्र होइन, समाजमा पनि परिवर्तन ल्याउने

*बाँकी तेश्रो पृष्ठमा*

## कहिले गर्ने विवाह ?

**प्रेमनारायण भुसाल**

विश्वका प्रमुख राष्ट्रहरूको विवाहसम्बन्धी व्यवस्थाभन्दा नेपालको व्यवस्था निकै क्रान्तिकारी छ। बालबालिका, युवा र वृद्धसम्बन्धी परिभाषा र उमेर हद संसारभर फरकफरक रहेको छ। संयुक्त राष्ट्रसंघले बालबालिकाको उमेर १८ वर्षसम्म निर्धारण गरेको छ।

धेरै देशका कानुनमा १८ वर्षसम्मको उमेरका व्यक्तिलाई बालबालिका मानिएको पाइन्छ। १८ वर्ष पूरा भए पनि विविध क्षेत्र र विषयअनुसार उमेरको हद राखिएको देखिन्छ। कलिलो उमेरमा बालविवाह गर्ने अनि विवाह गर्ने उमेरमा सम्बन्धविच्छेद हुने घटनाहरू बढ्दै गएका छन्। पछिल्लो समय नेपालको कानुनमा परिवर्तन गरी २० वर्ष नपुगी विवाह गर्न नपाउने प्रावधान लागू गरिएको छ।

मुलुकी देवानी संहिता ऐन, २०७४ मा गरिएको यस व्यवस्थाले कलिला उमेरमा विवाह गर्ने युवायुवतीलाई निरूत्साहित गर्ने मनसाय राखेको छ। १८ वर्ष पुगेपछि स्वतन्त्र रूपमा आफ्नो र भविष्यको बारेमा निर्णय गर्न पाउने व्यवस्था सोही कानुनमा देखिन्छ।

१८ वर्ष पूरा भएको व्यक्तिले गरेका सम्पूर्ण सम्झौताहरूले वैधानिक मान्यता पाउने व्यवस्था प्रचलित कानुनमा रहेको छ। यसअर्थमा १८ वर्ष पूरा भएको व्यक्तिलाई वयस्क मानिएको छ। विवाहसम्बन्धी व्यवस्थामा भने २० वर्ष उमेर पूरा गरेको हुनुपर्ने प्रावधान राखिएको छ।

१८ वर्ष पूरा भएको व्यक्तिले आपसी समझदारीमा यौनसम्बन्धसमेत राख्न पाउने तर विवाह गर्नका लागि २० वर्ष पूरा भएकै हुनुपर्ने व्यवस्थाले सामाजिक संरचनामा विचलन ल्याउन थालेको छ।

पश्चिमा समाजमा १८ वर्ष पूरा भएका युवायुवतीहरू स्वतन्त्र रूपले स्वैच्छिक रूपमा समलिंगी वा विपरीतलिंगी साथीसँग लिभिङ टुगेदरका रूपमा बसोबास गर्न पाउने व्यवस्था रहँदै आएको छ। त्यस समाजमा विवाहलाई पूर्णतया सम्झौता मान्ने गरिएको छ।

सामाजिक रूपमा लिभिङ टुगेदर, विवाह र पुनर्विवाहलाई मान्यता दिइएकाले सम्बन्ध जोडिनु र सम्बन्धविच्छेद हुनुलाई सामान्य घटनाका रूपमा लिने गरेको देखिन्छ।

नेपालका सन्दर्भमा भने यो कुरा निकै झन्झटिलो र जटिल प्रकृतिको छ। परम्परागत रूपमा सात जन्मका लागि सम्बन्ध गाँसिने मान्यता राखिएको विवाह आर्थिक र शारीरिक आवश्यकतालाई मात्र आधार मानेर होइन, आत्मिक र आध्यात्मिक दृष्टिले निकै पवित्र र महत्त्वपूर्ण मानिने गरेको छ। पूर्वीय दर्शनमा सम्बन्धविच्छेदको कल्पना गरिएको छैन।

जन्म जन्मान्तरसम्म रहिरहने सम्बन्ध भएकाले आर्थिक, सामाजिक आरोह अवरोहमा एकआपसमा सहानुभूति र सहयोगको सम्बन्ध रहने र बिचल्लीमा सम्बन्धविच्छेद नगरेर सहयात्रा गर्ने परिपाटी पूर्वको सुनौलो पक्ष हो।

पश्चिमीकरणको प्रभाव र प्रचलित कानुनमा भएको व्यवस्थाले नेपाली समाजमा पनि लिभिङ टुगेदरले प्रश्रय पाउन थालेको देखिन्छ।

१८ वर्ष पूरा भएको व्यक्तिले वैवाहिक सम्बन्ध कायम गर्न नसक्ने तर एकआपसको आकर्षणको कारणसँगै जीवन बिताउने भावका साथ सँगै बस्न थालेका घटनाहरू धेरै देखिन्छन्। नेपाली समाजमा यस किसिमको बसाइ अत्यन्त नौलो भएकाले भावुकताको तन्तुले मात्र संयोजकको काम गरेको हुन्छ।

तुरुन्तै मानसिक अवस्था परिवर्तन हुने युवावस्थाको क्षणमा गाँसिएका सम्बन्धहरू सानो कुराले नै तिक्ततामा परिणत हुने गरेका देखिन्छन्। वैधानिक रूपमा वैवाहिक सम्बन्ध कायम नभएको तर पतिपत्नीका रूपमा सँगै बसेका जोडीका बीचमा कुनै मनमुटाव हुँदा वा समाजले सहजरूपमा उनीहरूलाई स्वीकार नगर्दा सिर्जना भएको अन्योलले पनि आत्महत्याका घटनालाई बढावा दिएको देखिन्छ। संसारभर विविध कारणहरूले गर्दा आत्महत्याको दर बढ्दै गएको छ।

नेपालमा पनि बर्सेनि आत्महत्या गर्ने हरूको संख्या थपिँदै गएको पाइन्छ। पछिल्लो समय अविवाहित युवायुवती र विवाहेत्तर सम्बन्धमा रहेका जोडीले एकसाथ आत्महत्या गर्ने गरेका घटनाहरू पनि बढ्दै गएका छन्।

१८ वर्षअगाडि विवाह गर्न कानुनले नदिने भएकाले लिभिङ टुगेदर र अवैध सम्बन्ध फस्टाउँदै जाँदा युवायुवतीहरूमा मनोसामाजिक समस्या बढ्न थालेको छ।

विवाहसम्बन्धी कानुनलाई व्याख्या गर्नुपूर्व सामाजिक, आर्थिक, सांस्कृतिक शारीरिक र मानसिक पक्षको समेत अध्ययन तथा आवश्यक सम्बोधन हुनु आवश्यक छ।

तराईको क्षेत्रमा सीमा वारपार वैवाहिक सम्बन्ध कायम हुने गरेका छन्। नेपालको कानुनमा परिवर्तन गरेपछि २० वर्षसम्म पर्खन नसक्नेहरू सीमापार विवाह गर्न प्रेरित हुने गरेका छन्।

एकातिर दाइजोको समस्या अर्कोतिर हुर्केका चेलीको चरित्रमा गरिने शंकाले यस क्षेत्रका अभिभावकहरू चाँडै नै छोरीचेलीको विवाह गरिदिन मन पराउँछन्। कानुनी र सामाजिक उल्झनले अहिले तराईमा सम्बन्धविच्छेदका घटनामा निकै वृद्धि देखिएको छ।

नेपालको कानुन र सामाजिक रीतिस्थिति धेरै हदसम्म खुला सिमाना रहेको भारतसँग समान किसिमको छ। भारतमा छोरीको विवाह गर्न १८ वर्ष र छोराको २१ वर्षको प्रावधान रहेको अवस्थामा नेपालमा मात्र छोराछोरी दुवैको उमेर २० वर्ष पुग्नुपर्ने

*बाँकी तेश्रो पृष्ठमा*

# वीरगंजमा पाँच किलोमिटरको दौंड प्रतियोगीत सम्पन्न



पर्सामा पाँच किलोमिटरको दौंड प्रतियोगीत सम्पन्न भएको छ। शनिबार विहन पर्साको घण्टाघर देखी वीरगंज स्थित चिनी मिल अवश क्षेत्र सम्मको दुरी पाँच किलोमिटरको दौंड प्रतियोगीत सम्पन्न भएको छ।

सचिप्रेम फाउन्डेसनले दौंड प्रतियोगिता आयोजना गरेको थियो। कार्यक्रम निशुल्क रुपमा बिद्यार्थीहरुलाइ सहभागि गराइएको थियो। कार्यक्रमलाइ सफल बनाउनको निम्ति विभिन्न संस्थाको सहयोगको रहेको थियो। सहयोगी संस्था तर्फबाट वी.पी.एस कलेज,वीरगंज पब्लिक कलेज,फेम ईस्टिच्युट फोर मेडिकल इन्ट्रन्स,होटल एभरीडेए र उमा मसला एण्ड खाद्य उद्योग रहेको छ।

कार्यक्रमका प्रमुख अतिथि जेसिस नेपालका पुर्व केन्दिय अध्यक्ष तथा मधेश बिश्वबिद्यालयका उपकुलपति,डा. दिपक शाक्य ,बिशिस्ट अतिथि-पुर्व सम्बिधान सभा सदस्य अजय दुबेदि, बिशिस्ट अतिथि वी.पी.एस कलेजका फाउन्डर मुकेश कुमार गुप्ता , सन्दिप राज साह, ट्राफिक प्रहरी पर्साका सहि रामसुन्दर राय तथा युवा वक्ता कृष्ण मोहन सहनी को उपस्तिथि रहेको थिया।

दौंड प्रतियोगिताका बिजेता भएकालाइ तिन दिन पछि जानकारि गराई भौतिक रुपमा उपस्तिथि गराइ सान्स्कृतिक कार्यक्रम र खुला बहस कार्यक्रमको आयोजन गरि पुरस्कार सहित सम्मानित गरिने सचिप्रेम फाउन्डेसनले जनकारी दिए।प्राबिधिक समस्याले गर्दा बाकिको कार्यक्रम पोस्टपोन्ड गरिएकोमा हृदय देखि क्षमा यचाना सचिप्रेम फाउन्डेसनले गरेका छन्।त्यसै गरि कार्यक्रमका सन्चालक प्रिया सिंहले गरेका थिइन्।

# खेल र खेलाडीको प्रोत्साहन गर्नुपर्नेमा सांसद यादवको जोड



वीरगञ्ज। पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य प्रदीप यादवले खेल र खेलाडीलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिएका छन्। वीरगञ्ज महानगरपालिका वडा नम्बर २२ जगरनाथपुरमा सम्पन्न वडाअध्यक्ष क्रिकेट टुर्नामेन्टको समापन समारोहलाई सम्बोधन गर्दै सांसद यादवले खेलको बृद्धिविकासका लागि खेलाडीलाई प्रोत्साहन गर्नुपर्ने आवश्यक्ता औंल्याएका हुन्।

क्रिकेट मात्रै नभएर फुटबलसहित अन्य खेलहरुको पनि संरक्षण एवम् संवर्द्धन गर्दै खेलाडीहरुको बृद्धिविकासका लागि सबैले सहकार्य गर्नुपर्ने यादवको भनाई छ। उनले भने, 'हाम्रो तिर अझै पनि खेल क्षेत्रलाई अपहेलना गर्न र खेल्न नदिने सोच हाबी छ, तर खेलबाटै देशको नाम पनि रोशन गर्न सकिन्छ भने खेलेरै जीवनयापन गर्न पनि सकिन्छ।'

यहाँ आवश्यक खेल मैदानको अभावमा पनि खेलाडीहरुले देखाएको खेलप्रतिको लगावलाई मध्यनजर गर्दै खेलाडी र खेलको विकासका लागि आफुले पदीय र व्यक्तिगत रुपमा कहिलै पछि नहट्ने प्रतिबद्धता पनि उनले व्यक्त गरेका छन्।

पुष ९ गतेदेखि शुरु भएको वडाअध्यक्ष क्रिकेट टुर्नामेन्टको उपाधि पनि आयोजक वडा नम्बर २२ को जगरनाथपु युवा क्लबले हात पारेको छ। उपाधिसँगै जगरनाथपुर युवा क्लबले नगद ५१ हजारसहित शिल्ड र प्रमाणपा प्राप्त गरेको छ भने उपविजेता बनेको लक्ष्मणवा युवा क्लबले नगद २५ हजारसहित शिल्ड र प्रमाण पत्र प्राप्त गरेको क्लबका उपाध्यक्ष उपेन्द्र पटेलले जानकारी दिए।

क्लबका अध्यक्ष जितेन्द्र प्रसाद पटेलको अध्यक्षतामा भएको प्रतियोगिताको समापन समारोहलाई सांसद यादवसँगै वीरगञ्ज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, वडाअध्यक्ष द्वारिका महतो, क्लबका सल्लाहकार, मनोज ठाकुर, दिनेश ठाकुर लगायतले सम्बोधन गरेका थिए। प्रतियोगितामा ८ वटा समूहले सहभागिता जनाएका थिए।

# प्रहरीले उजुरी नलिएको गुनासो आएपछि गृहमन्त्रीलाई सिके राउतको फोन



काठमाडौं, पुस १६

सप्तरीमा प्रहरीले उजुरी नलिएको भन्दै जनमत पार्टीका अध्यक्ष सिके राउतले गृहमन्त्री रवि लामिछानेलाई फोन गरी जानकारी गराएका छन्।

शनिबार सामाजिक सञ्जाल फेसबुकमा लेख्दै आफूले पाएको गुनासोबारे गृहमन्त्री लामिछानेलाई जानकारी गराएको बताएका हुन्।

राउतले आफ्नो क्षेत्रका गुनासोको सम्बोधन गर्न कार्यालयमा गुनासो पेटिका राखेका छन्। त्यसको सम्बोधन गर्नेक्रममा उनले सप्तरीमा महिला हिंसा र यातनाको दर बढ्दो देखिएको बताएका हुन्।

त्यसैबीच एक महिलाको कपाल खौरिदिएको घटनामा पीडित महिला प्रहरीसमक्ष पुग्दा समेत उजुरी नलिएको गुनासो समेत आएको उनले उल्लेख गरेका छन्।

'हिजो आफ्नो क्षेत्रका गुनासो सुन्ने क्रममा सप्तरीमा महिला हिंसा र यातनाको दर बढ्दो, र पीडित महिला (कपाल खौरिदिएको पिडित महिला समेत) प्रहरीकहाँ हिम्मत गरेर जाँदा पनि प्रहरीले उजुरी लिन नमानेको विषय उठेकोले गृहमन्त्रीज्यूलाई सो बारेमा फोनमा अवगत गराएको छु,' उनले भनेका छन्।

यस्तै जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख एसपी अभिनारायण काफ्लेले भने यसको अनुसन्धान भइरहेको बताए। केही दिन अघिको घटना भएको बताउँदै दुई पक्षबीच छलफल भएको पनि जानकारी दिए।

'प्रहरीले लिन नमानेको होइन। हामीले अनुसन्धान गर्दैछौं। उहाँहरूले अस्ती दुई पक्ष बसेर छलफल गर्छौं पनि भन्नुभएको थियो। त्यसपछि आउनु पनि भएको छैन,' उनले भने।

उनले जिल्लामा महिला हिंसाका घटना नबढेको पनि दाबी गरे। उनले प्रहरी समक्ष आएका गुनासोको सम्बोधन गरी अनुसन्धान गर्ने गरेको बताए।

# नेशनल ईन्फोटेक कप २०७९ को पहिलो खेलमा नेशनल ईन्फोटेक कलेज विजयी।



वीरगञ्ज। नेशनल ईन्फोटेक कप २०७९ को पहिलो खेलमा हेटौडा स्कुल अफ म्यानेजमेन्ट (एचएसएम) लाईलाई हराउँदै नेशनल ईन्फोटेक कलेज विजयी भएको छ। वीरगञ्जस्थित नारायणी रंगशालामा शनिवारदेखि शुरु भएको नेशनल ईन्फोटेक कपअर्न्तगत आजको भएको उद्घाटन खेलमा हेटौडा स्कुल अफ म्यानेजमेन्टलाई १ सय २ रनको फराकिलो अन्तरले पराजित गर्दै आयोजक नेशनल ईन्फोटेक कलेज विजयी भएको हो।

टस जितेर ब्याटिंग रोजेको नेशनल ईन्फोटेक कलेजले निर्धारित २० ओभरमध्ये १९ ओभर ५ बल खेल्दै सबै विकेट गुमाएर १ सय ३७ रनको योगफल तयार पारेको थियो। नेशनल ईन्फोटेकका लागि सफवन अन्सारी र राहुल हकले २९/२९ रनको योगदान दिए। उनीहरुले क्रमश २६ र २५ बल मा समान २९ रन जोडेका हुन्। राहुलले २ छक्का र २ चौका प्रहार गर्दै २९ रन जोड्दा सफवनले ५ चौका प्रहार गरे। यस्तै आदर्श अनुप साहले २ चौका प्रहार गर्दै ३९ बलमा २७ रन जोडे।

सेराजुल आलमले २ छक्का प्रहार गरेर ५ बलमा १२ रन बनाए। नेशनल ईन्फोटेकलाई १३७ रनमै समेट्नका लागि हेटौडा स्कुल अफ म्यानेजमेन्टका राजा अहमदले ३ ओभर ५ बल गरेर ५ विकेट लिए। कृष्ण यादवले ३ ४ ओभर बलीङ् गरेर ३ विकेट लिंदा गौरव श्रेष्ठ र सन्तोष दास तत्वाले समान १/१ विकेट लिए।

१ सय ३८ रनको लक्ष्य पछ्याउँदै मैदानमा उत्रिएको हेटौडा स्कुल अफ म्यानेजमेन्ट १२ ओभर १ बलमै सबै बिकेट गुमाएर ३५ रनमै समेटियो। हेटौडा स्कुल अफ म्यानेजमेन्टका लागि ईर्फान अलीले १२ बल खेल्दै २ चौकाको सहायतामा १२ रन बाए। कृष्ण यादवले १ चौका प्रहार गर्दै २० बलमा ७ रन जोडे। राजा अहमदले १५ बलमा ४ र विराट कुमारले ६ बलमा २ रन बाहेक अरु कसैले पनि रन जोड्न सकेनन्।

नेशनल ईन्फोटेक कलेजका वासिन अली मन्सुरीले ४ ओभरमा १३ रन खर्चिंदै ६ विकेट लिए। सेराजुल आलम र रन्जित कुमारले समान २/२ विकेट लिएर टिमलाई जित दिलाएको नेशनल ईन्फोटेक कलेजका प्रबन्ध निर्देशक ई. मनिष सिंहले जानकारी दिए।

४ ओभरमा २ मेडअन ओभर बनाउँदै १३ रन खर्चिएर ६ विकेट लिने नेशनल ईन्फोटेक कलेजका वासिम अली मन्सुरी प्रतियोगितामा प्लेयर अफ दी म्याच घोषित भएका छन्।

प्रतियोगिताको दोस्रो दिन भोली २ वटा खेल हुँदैछन्। पहिलो खेल पुल 'बी' अर्न्तगत बिहान ८ बजेदेखि डिएभी कलेज र सत्यम पब्लिक कलेजबिच हुनेछ भने दोस्रो खेल पुल 'ए' अर्न्तगत मध्यान्ह १२ बजेदेखि त्रिजुद्ध मावि र ईम्पेरियल कलेजबिच हुने पनि प्रबन्ध निर्देशक सिंहले जानकारी दिए।

# पर्साका ४ प्रदेशसभा सदस्यले लिए मातृभाषा भोजपुरीमा शपथ



वीरगञ्ज, १६ पुस। मधेश प्रदेशका नवनिर्वाचित प्रदेशसभा सदस्यहरुले शुक्रबार पद तथा गोपनियताको शपथ लिएका छन।

प्रदेश सभाका ज्येष्ठ सदस्य गोविन्द बहादुर न्यौपानेले नवनिर्वाचित प्रदेशसभा सदस्यहरुलाई शपथ ग्रहण गराएका हुन।

प्रदेश सभा सचिवालयका अनुसार मधेश प्रदेशमा सबैभन्दा बढी ५३ जना प्रदेशसभा सदस्यहरुले नेपाली भाषामा शपथ लिएका छन। ४९ प्रदेशसभा सदस्यहरुले मातृ भाषामा शपथ लिए छन्।

८ जना प्रदेशसभा सदस्यहरुले भोजपुरी भाषामा शपथ लिएका हुन। जैनब खातुन, बच्चाराउत अहिर, रमेशप्रसाद कुर्मी, शारदा दास पहाडी, शेख अबु कलाम आजाद, सरोज कुमार यादव, सिंगासन सा कलवार र प्रमोद जयसवालले भोजपुरी भाषामा शपथ लिएका हुन।

जस मध्ये मातृभाषा भोजपुरी भाषामा सपथ लिने पर्साका ४ जना प्रदेश सभा सदस्य छन्। पर्सा क्षेत्र नम्बर २ को १ बाट निर्वाचित कांग्रेसका श्याम पटेल, २ को २ बाट निर्वाचित लोसपाका रमेश प्रसाद कुर्मी, ३ को १ बाट निर्वाचित स्वतन्त्र प्रमोद जयसवाल र ४ को २ बाट निर्वाचित जसपाका सिंगासन सा कलवारले मातृभाषा भोजपुरीमा सपथ लिएका हुन्।

पर्साका अन्य प्रदेश सभा सदस्यले नेपालीमा सपथ लिएको प्रदेशसभा सचिवालयले जनाएको छ।

बज्जिका भाषामा १३ जना प्रदेशसभा सदस्यहरुले शपथ लिएका छन्। बज्जिका भाषामा अभिराम शर्मा, उपेन्द्र महतो, कृष्णप्रसाद यादव, कौशलकिशोर राय, जंगीलाल राय, नागेन्द्र साह, रमिता प्रधान, रानी शर्मा तिवारी, रुपा कुमारी यादव, बीरेन्द्र प्रसाद सिंह, सकुन्ती देवी र शोभा देवीले शपथ लिएका हुन।

मैथिली भाषामा ११ जना प्रदेश सभा सदस्यहरुले शपथ ग्रहण गरेका छन्। किरण कुमारी, कुमरकान्त झा, जिवछीकुमारी यादव, मनिष कुमार सुमन, ममतादेवी मण्डल, राजकुमार गुप्ता, रामअशिष यादव, रामचन्द्र मण्डल, रामसरोज यादव, शेषनारायण यादव, संजयकुमार यादव र सतिश सिंहले मैथिली भाषामा शपथ लिएको प्रदेशसभा सचिवालयले जनाएको छ।

थारु भाषामा राजकुमार लेखी, राजेन्द्रप्रसाद चौधरीले शपथ

**बाँकी तेश्रो पृष्ठमा**

# जरायो मारेको घटनामा २ प्रदेश सांसद र पूर्वगाउँपालिका अध्यक्ष अनुसन्धानमा तानिए

१६ पुस, वीरगञ्ज। पर्सा राष्ट्रिय निकुञ्जमा जरायोको शिकार गरेको घटनामा दुई प्रदेश सभा सदस्य र पर्साको एक गाउँपालिकाका पूर्व अध्यक्ष पनि अनुसन्धानको घेरामा परेका छन्। निकुञ्जले बागमती प्रदेशसभा सदस्य श्याम खड्का, मधेस प्रदेशसभा सदस्य प्रमोद जयसवाल र उनका भाइ पर्साको सखुवाप्रसौनी गाउँपालिकाका पूर्वअध्यक्ष प्रदीप जयसवाललाई घटनाको अनुसन्धानका क्रममा बोलाएको हो।

४ पुसको राति निकुञ्जको सुरक्षामा खटिएको नेपाली सेना र शिकारी टोलीबीच अकुवनियास्थित कोर जंगलमा जम्काभेट भएको थियो। सेनाको टोलीलाई देखेपछि भागेका शिकारीको गाडीको चक्कामा गोली हानेर नेपाली सेनाले पाँच जनालाई पक्राउ गरेको थियो। केही व्यक्ति भने फार्म हाउसतर्फ भागेका थिए।पछ्याउँदै गएको सेनाको टोलीले फार्महाउसमा छापा मारेर शिकारमा प्रयोग हुने सामाग्री बरामद गरेको थियो। सेनाले अनुसन्धानका लागि बुझाएपछि निकुञ्जले त्यसदिन शिकारमा संलग्न रहेको आरोपमा पाँच जना, दुईवटा गाडी, शिकार खेल्न प्रयोग हुने सामाग्री, शिकार गरी मारेको जरायोको मृत शरीर र चित्तलको टाउको लगायत सार्वजनिक गरेको थियो।

अनुसन्धानका लागि बोलाइएका खड्का काठमाडौं क्षेत्र नं ५ (२) बाट निर्वाचित प्रदेश सभा सदस्य हुन्। निकुञ्ज स्रोतका अनुसार कांग्रेस नेता खड्काको नाममा रहेको बन्दुक बरामद भएपछि उनलाई अनुसन्धानका लागि बोलाइएको हो। काठमाडौं घर भएका खड्काको पर्साको सखुवाप्रसौनी गाउँपालिका-१

**बाँकी तेश्रो पृष्ठमा**